नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

बैठक संख्या: ०३/(२०७९/०८०)

आज मिति २०७९।०९।१९ गते जिल्ला प्रशासन कार्यालय, रसुवामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिम जिल्लास्तरमा विपद् व्यवस्थापन सम्बन्धी कार्यका लागि जिल्ला विपद् व्यवस्थापन समिति रसुवाको अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी श्री प्रकाशचन्द्र अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरूको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरू गरियो ।

उपस्थिति:

| हस्ताक्षर | नाम, थर | दर्जा | कार्यालय/निकाय |
|---|---|---|---|
| | श्री प्रकाश चन्द्र अधिकारी | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय |
| | श्री विजय लामा | उप-प्रमुख | जिल्ला समन्वय समिति |
| | श्री कैसाङ नुर्पु तामाङ | अध्यक्ष | गोसाईकुण्ड गाउँपालिका |
| | श्री माधव अर्याल | अध्यक्ष | उत्तरगया गाउँपालिका |
| | श्री हेमराज पौडेल | प्रमुख कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय |
| | श्री नारायण प्रसाद भण्डारी | प्रमुख भन्सार अधिकृत | रसुवा भन्सार कार्यालय, टिमुरे |
| | श्री प्रमोद भट्टराई | प्रमुख संरक्षक अधसकृत | लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालय |
| | श्री सचिन खड्का | सेनानी | श्री विष्णुदल गण, ब्राबल व्यारेक |
| | श्री कुलदीप चन्द | प्रहरी नायब उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, रसुवा |
| | श्री पंकज चन्द | सशस्त्र प्रहरी नायब उपरीक्षक | स.प्र.ब. नेपाल नं. २० गुल्म हे.क्वा. |
| | श्री सविन श्रेष्ठ | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान ~~अधिकृत~~ जिल्ला का. |
| | श्री शर्मिला कार्की | नि.जिल्ला समन्वय अधिकारी | जिल्ला समन्वय समितिको कार्यालय |
| | श्री दयाराम पौडेल | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| | श्री संजिव अमात्य | अध्यक्ष | रसुवा चेम्बर अफ कमर्श |
| | श्री सुनितामाया गुरुङ | अध्यक्ष | रसुवा महिला सञ्जाल |
| | श्री नेत्रराज गिरी | प्रमुख प्रशासकीय अधिकृत | नौकुण्ड गाउँपालिकाको कार्यालय |
| | श्री अमर बहादुर जिसी | प्रमुख प्रशासकीय अधिकृत | आमाछोदिङमो गाउँपालिकाको कार्यालय |
| | श्री दिपक प्रसाद अधिकारी | प्रमुख प्रशासकीय अधिकृत | उत्तरगया गाउँपालिकाको कार्यालय |

| | | | |
|---|---|---|---|
| | श्री कृष्ण बहादुर बि.क. | नि.प्रमुख प्रशासकीय अधिकृत | गोसाईकुण्ड गाउँपालिकाको कार्यालय |
| | श्री गोविन्द प्रसाद आचार्य | नि.प्रमुख प्रशासकीय अधिकृत | कालिका गाउँपालिकाको कार्यालय |
| | डा.निमेष लावेजु | मेडिकल अधिकृत | रसुवा अस्पताल |
| | श्री आशिष दाहाल | कार्यालय प्रमुख | घरेलु तथा साना उद्योग कार्यालय |
| | श्री निर्मल दाहाल | सब- डिभिजन प्रमुख | जलस्रोत तथा सिंचाइ विकास स.डि.का |
| | श्री अनिल रेग्मी | डिभिजनल वन अधिकृत | डिभिजन वन कार्यालय |
| | श्री सुजन न्यौपाने | कृषि विकास अधिकृत | कृषि ज्ञान केन्द्र |
| | श्री लक्ष्मण थारु | | पशु सेवा केन्द्र, धुन्चे |
| | श्री शिवजी बस्नेत | स.प्र.अ. | नेपाल टेलिकम |
| | रमाकान्त अर्याल | इकाई प्रमुख | शिक्षा विकास तथा समन्वय इकाई |
| | कृष्ण बि.क. | नि.प्र.प्र.अ. | गोसाइकुण्ड गा.पा. |
| | श्री राम बिहारी चौधरी | इन्जिनियर | गल्छी-त्रिशुली - - सडक |
| | प्रेम बहादुर [illegible] | ~~नै.वी.~~ शाखा प्रमुख | ने.वि.प्रा. |
| | बाबुलाल तामाङ | सभापति | नेपाल रेडक्रस सोसाइटी, रसुवा जिल्ला शाखा |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

निर्णयः

१. चिसोयामको समय भएको र यस जिल्लाका विभिन्न ठाउँमा हुनसक्ने सम्भावित हिमपातलाई दृष्टिगत गरी स्थानीय विपद् व्यवस्थापन समितिलाई देहायबमोजिम हुन अनुरोध गर्नेः
- हिमपातबाट प्रभावित हुनसक्ने जोखिमयुक्त बस्ती र परिवार पहिचान गरी तत्काल न्यानो कपडा, न्यानो झोल पदार्थ वितरण गर्न,
- विपद् व्यवस्थापनका लागि वडास्तरमा स्वयंसेवक समूह गठन गरी परिचालन गर्न,
- LEOC र DEOC बीचको सञ्चार सम्पर्कलाई प्रभावकारी बनाउन,
- रक्त समूह पहिचान गरी समूहकृत गर्न।

२. सम्भावित हिमपातबाट नागरिकको सुरक्षा गर्न लामटाङ राष्ट्रिय निकुञ्ज र डिभिजन वन कार्यालय रसुवाले स्थानीय तहसँगको समन्वयमा जोखिमयुक्त बस्तीका नागरिकलाई आवश्यक मात्रामा दाउरा उपलब्ध गराई चिसोबाट बचाउन सहयोग पुऱ्याउने।

३. जिल्लास्थित सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटीले नागरिकलाई चिसोबाट बचाउन आवश्यक समन्वयमा स्थानीय विपद् व्यवस्थापन समितिबाट हुने कार्यहरूमा सहयोग पुऱ्याउने।

४. आवाश पुनर्निर्माण लाभग्राही कायम मनसुनजन्य तथा आगलागीजन्य विपद्‌बाट प्रभावित भएका तपशिल बमोजिमका व्यक्तिहरूलाई आवास पुनर्निर्माण कार्यविधि बमोजिमको लाभग्राही कायम गरी सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी आवास पुनर्निर्माणका लागि अनुदान उपलब्ध गराउने ।

निम्नः

| क्र.सं. | नाम,थर | ठेगाना | मिति | विपद्‌को किसिम |
|---|---|---|---|---|
| १ | कमली/बुद्धिमान तितुङ | नौकुण्ड-५ कोलडाँडा | २०७८।०५।०२ | मनसुनजन्य पहिरो |
| २ | पेम्वा ग्याल्बु तामाङ | गोसाईकुण्ड-३ खाम्जिङ | २०७८।०८।२६ | आगलागी |
| ३ | पेमा छोवाङ तामाङ | गोसाईकुण्ड गा.पा.-६ नागुन | २०७८।११।०३ | आगलागी |
| ४ | दावा ग्याल्जेन तामाङ | गोसाईकुण्ड गा.पा.-१ थुमन | २०७९।०३।०६ | आगलागी |
| ५ | फुर्पु सोनाम तामाङ | गोसाईकुण्ड गा.पा.-१ थुमन | २०७९।०३।०६ | आगलागी |
| ६ | दावा फिन्जो तामाङ | गोसाईकुण्ड गा.पा.-१ थुमन | २०७९।०५।०९ | मनसुनजन्य पहिरो |

५. लामटाङ राष्ट्रिय निकुञ्जबाट जिल्ला विपद् व्यवस्थापन समिति, रसुवाको समन्वयमा सम्पादन गरी सहयोग भएका निम्न कार्यहरू स-धन्यवाद अनुमोदन गर्नेः
- उत्तरगया गाउँपालिका वडा नं. ५ बनुवा धुम्तीमा पहिरो गई सडक अवरुद्ध भएकोमा सडक निर्माण सुधार गर्न कालिका गाउँपालिका वडा नं. ४ धोबिखोलाबाट ढुंगा उपलब्ध गराइएको ।
- मिति २०७८।११।०३ मा गोसाईकुण्ड गाउँपालिका वडा नं. ६ नागुनमा विद्युत सर्किट सर्ट भई आगलागीबाट घर नष्ट भई पुनर्निर्माण गर्न ऐ.बस्ने पेमा छोवाङ तामाङलाई काठपात उपलब्ध गराइएको ।

६. यस जिल्लाको प्रमुख लोकमार्गको रूपमा रहेको पासाङल्हामु लोकमार्ग र अन्य सडक सञ्जालहरूको उच्च प्राथमिकताका साथ नियमित मर्मत सम्भार गरी यातायात सञ्चालनमा सहजीकरण गर्न डिभिजन सडक कार्यालय नुवाकोटलाई लेखी पठाउने।

cntd.

७. लामटाङ राष्ट्रिय निकुञ्जको घोडातबेला कोअपोष्टमा कार्यरत गेमस्काउट ग्याल्बु तामाङको मिति २०७२।०१।१२ गते भूकम्पपश्चात गएको हिमपहिरोमा परी बेपत्ता भएको र निजसाथ रहेको २ प्याड रसिदसमेत संकलन भएको राजश्व रकमसमेत फेला नपरेकोले सि. नं. ३७८०१ देखि ३७९०० सम्मको १ प्याड तथा सि. नं. ५८०१ देखि ५९०० सम्म १ प्याड गरी २ प्याड रसिद र त्यसबाट उठ्न सक्ने अधिकतम राजश्व रकम रु.४,५०,०००।– बेरुजू कायम रहेकोले निज कर्मचारीको मृत्युदर्ता, परिवारबाट राहत रकम माग भएको निवेदन, निकुञ्ज कार्यालयबाट गरिएको सरजमिन मुचुल्का समेतका आधारमा बेरुजू मिनाहाका लागि सिफारिस साथ अनुरोध गर्ने।

८. लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालयसँगको समन्वयमा यस जिल्लाको पवित्र धार्मिक क्षेत्र गोसाईकुण्ड तथा पर्यटकीय क्षेत्र लामटाङ क्षेत्रमा सुरक्षित विद्युतीकरणका कार्य नेपाल विद्युत प्राधिकरण, धुन्चे वितरण केन्द्रले तत्काल अगाडि बढाउन अनुरोध गर्ने।